बैठक नं.६८

आज मिति २०७७/०७/०२ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | — |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | — |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | — |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | — |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | — |
| १६ | दधिराम न्यौपाने | सदस्य | — |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | — |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

का.वा. फाँट ३     प्रेम बहादुर गुरुङ

का.वा. वडा नं -५     राम बराल

प्रस्ताव नं.६८.१

**विभिन्न समिति, उपसमिति गठन सम्बन्धमा ।**

निर्णय नं. ६८.१

नगर कार्यपालिका बैठकबाट गठित विभिन्न समिति ,उप समितिहरुमा रिक्त रहेका पद तथा कुनै समिति गठन नै हुन बाकि भए सो समितिको गठनका लागि प्रस्ताव तयार गरि नाम सिफारिस गर्न उपप्रमुखको संयोजकत्वमा देहाय बमोजिम सिफारिस समिति गठन गर्ने निर्णय गरियो । उक्त समितिको सिफारिसको आधारमा प्रमुखले निर्णय गरि समिति गठन गर्ने वा पुर्णता दिने गरि प्रमुखलाई अधिकार प्रदान गर्ने समेत निर्णय गरियो ।

| | |
|---|---|
| श्री गुमा देवी आचार्य उपप्रमुख | संयोजक |
| श्री राम प्रसाद रेग्मी वडाअध्यक्ष वडा नम्बर १६ | सदस्य |
| श्री जगदीश चन्द्र आचार्य वडाअध्यक्ष वडा नम्बर ६ | सदस्य |

प्रस्ताव नं. ६८.२

**प्रशासकीय भवनको भेरिएशन आदेश स्वीकृत गर्ने सम्बन्धमा ।**

निर्णय नं.६८.२

नगरकार्यपालिका कार्यालयको प्रशासकीय भवन निर्माण कार्यको रु. ४३,५३,४९,५७२।८४ मा सम्झौता भई कार्यादेश दिईएकोमा स्वीकृत नक्शा ड्र्इङ्ग डिजाईन बमोजिम भवन निर्माण गर्ने शिलशिलामा स्वीकृत BOQ मा रहेका विभिन्न आईटमहरु मध्ये केही आईटमहरुको परिमाणमा थप भएको र केही आइटमको परिमाण घट्न गएको भनि सम्बन्धित साइट इन्जिनियरले पेश गरेको प्राविधिक प्रतिवेदन तथा भेरियसन रिपोर्ट अनुसार सम्झौता बमोजिमको जम्मा रकममा २.३५ प्रतिशतले हुने रकम रु.१०२,२५,२७९।२५ रकम थप गर्नुपर्ने देखिएको भनि पेश भएकोमा प्राविधिक प्रतिवेदन बमोजिम प्रस्तावित काम गर्नै पर्ने देखिएकोले चालु आ.व.को खर्च शीर्षक ३१११२ क.सं. २९४ प्रशासनीक भवन फर्निचर तथा फर्निसिङ्ग लागि विनियोजित बजेट रकम मध्येबाट बजेट व्यवस्था गरी भेरियसन सहितको कूल अंक रु. ४४,५५,७४,८४६।६६ सार्वजनिक खरिद (संशोधन सहित) ऐन, २०६३ को दफा ५४ को उपदफा १को क बमोजिम पांच प्रतिशतसम्मको भेरियसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्धितीय श्रेणी वा सो सरहको प्रमुखले आदेश (स्वीकृत) गर्न सक्ने व्यवस्था भए तापनि सोही दफाको उपदफा ३ मा उपदफा १ को खण्ड क र ख मा जुनसुकै कुरा लेखिएको भए तापनि लागत अनुमान स्वीकृत गर्ने अधिकारी भन्दा तल्लो तहको अधिकारीले भेरियसन आदेश जारी गर्न नसक्ने व्यवस्था भएको हुंदा सो आयोजनाको लागत अनुमान नगरकार्यपालिकाको मिति २०७४।०९।१९ मा बसेको बोर्ड बैडकबाट स्वीकृत भएको हुंदा उक्त आयोजनाको Variation Order सहितको रकम स्वीकृत गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ६८.३

वडा दशै, तिहार, छठको शुभकामना सम्बन्धमा ।

निर्णय नं.६८.३

नेपालीहरुको महान पर्व दशै, तिहार, नेपाल सम्वत् तथा छठ पर्वका अवसरमा सम्पुर्ण नगरवासीमा हार्दिक शुभकामना व्यक्त गर्ने, कोरोना महामारी तिब्ररुपमा फैलिरहेको विद्यमान समयमा स्वास्थ्य मापदण्डको कडाइका साथ पालना गरी एकाघरपरिवारमा सीमित गरि यो बर्षका चाडपर्व मनाउन आव्हान गर्ने, बुटवलमा रहेका सञ्चार माध्यमवाट शुभकामना सहित सचेतनामुलक सामाग्री प्रकाशन प्रशारण गर्ने गराउने तथा नगरवाट माइकिङ समेत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६८.४

विविध

प्रस्ताव नं. ६८.४.१

अति आवश्यक सेवा वाहेक कार्यालय बन्द गर्ने सम्बन्धमा ।

निर्णय नं. ६८.४.१

यस बुटवल उपमहानगर क्षेत्रमा विगत केही दिन यता कोरोना संक्रमण तिब्र रुपमा बढिरहेको छ । मृतकको संख्यामा पनि बृद्धि हुदै गएको छ । यस उपमहानगरपालिकामा कार्यरत कर्मचारीहरुमा समेत कोरोना संक्रमण फैलिई कर्मचारीको समेत दुःखद निधन भएको कारण नगरवासी एवं कार्यालयमा कार्यरत कर्मचारीहरुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गरी मिति २०७७०७०३ देखि २०७७०७०६ गते सम्मका लागि बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरुबाट प्रदान गरिने अत्यावश्यक ( कोभिड संक्रमण रोकथाम सम्बन्धि,सरसफाई र सुरक्षा सम्बन्धि) बाहेकका सम्पूर्ण सेवाहरु बन्द गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६८.४.२

आइसियू र भेन्टिलेटर थप गर्न प्रदेश सरकार संग माग गर्ने सम्बन्धमा ।

निर्णय नं.६८.४.२

कोरोनाको संक्रमण तिब्र गतीमा फैलिरहेको, लक्षण सहितका संक्रमितको संख्या बढीरहेको र आइसियु तथा भेन्टिलेटरको अपर्याप्तताको कारण जटिल अवस्थाका विरामीले उपचार पाउन कठिनाई भैरहेको हुँदा विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्ने संबैधानिक जिम्मा भएको प्रदेश सरकार र संघीय सरकार समक्ष यथाशिघ्र कम्तिमा थप आइसियु तथा भेन्टीलेटर सहितका २५ वेड बुटवलमा स्थापना गर्न अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६८.४.३

स्वास्थ्यलाभको कामना सम्बन्धमा ।

निर्णय नं.६८.४.३

यस बुटवल उपमहानगरपालिका नगर कार्यपालिका सदस्य श्री डिल प्रसाद नेपालीज्यू कोरोना भाइरस (कोभिड(१९) बाट संक्रमित भई आइसोलेशनमा उपचाररत रहनु भएको हुंदा यो बैठक

उहांको साथै कोरोना भाइरसबाट संक्रमित यस कार्यालयमा कार्यरत कर्मचारी एवं नगरवासीहरुको शिघ्रस्वास्थ्य लाभको कामना गर्दछ ।

प्रस्ताव नं. ६८.४.४

जोखिम भत्ता सम्बन्धमा ।

निर्णय नं.६८.४.४

कोरोना संक्रमण रोकथाममा प्रत्यक्ष रुपमा खटिनुभएका स्वास्थ्य सेवाका देहाय बमोजिम कर्मचारीहरुलाइ स्वास्थ्य मन्त्रालयले जारी गरेको निर्देशिका तथा बुटवल उपमहानगरपालिकामा रहेको कोषको अवस्था समेतलाई विचार गरि निर्देशिकाले तोकेको सीमाभित्रै रही २०७७ आषाढ, श्रावण र भाद्र महिनामा संक्रमण रोकथाम सम्बन्धि काम गरे वापत ३३ जना कर्मचारीलाई जम्मा रु आठ लाख सन्ताउन्न हजार छ सय एक्काइस रुपैया प्रदान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६८.४.५

कर्मचारीलाई संक्रमण देखिई आइसोलेशन बस्दाको विदा सम्बन्धमा ।

निर्णय नं.६८.४.५

कार्यालयमा काममा खटिइरहेको कर्मचारी कामकै शिलसिलामा कोभिड संक्रमित भै आइसोलेशनमा बस्नुपरेको अवस्थामा निजको हाजिरीमा आइसोलेशन जनाई दिने । विदा लिन नपर्ने । यो सुविधा करार तथा दैनिक ज्यालादारी कर्मचारीलाई समेत दिने । तर आइसोलेशनमा बसेको अवधिमा कुनैपनि कर्मचारीले प्रोत्साहन सुविधा नपाउने गरि निर्णय गरियो ।

प्रस्ताव नं ६८.४.६

औषधि तथा उपकरण खरिद सम्बन्धमा

निर्णय नं ६८.४.६

बुटवल उपमहानरपालिकाले प्रारम्भ गरि देशभर सकारात्मक सन्देश प्रवाह भएको होम आइसोलेशनमा रहेका संक्रमितलाई घरमै पुगि हौसला दिने तथा रोग विरुद्ध लड्ने आयुर्वेदिक एवं एलोपेथिक औषधिहरु उपलब्ध गराउने कार्यलाई निरन्तरता दिन तत्काल आवश्यक औषधि खरिद गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै कोरोना संक्रमण भै अक्सिजनको मात्रा कम भएका संक्रमितलाइ अस्पतालमा बेड उपलब्ध नहुन्जेल छोटो समयलाई सहजता प्रदान गर्न आवश्यक अक्सिजन सिलिण्डर तथा सम्बन्धित उपकरण खरिद गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव न. ६८.४.७

पकेट विकास कार्यक्रम सञ्चालनका लागि स्वीकृति सम्बन्धमा

निर्णय नं ६८.४.७

प्रधानमन्त्री कृषि आधुनिकीकरण परीयोजना राष्ट्रिय र स्थानिय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालनका लागि प्राप्त भएका तपसिल अनुसारका ३ वटा प्रस्तावहरु लाई कार्यक्रम संचालन गर्न पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत गर्ने निर्णय गरीयो ।

| क्र.स. | प्रस्ताव गर्ने संस्थाको नाम | ठेगाना | पकेट संचालनका लागि प्रस्तावित वालीहरु |
|---|---|---|---|
| १ | श्री भिजन कृषि सहकारी संस्था लि. | बुटवल १३ | च्याउ |
| २ | श्री बुटवल जैविक तरकारी उत्पादक कृषक समुह | बुटवल १८ | कन्ये च्याउ |
| ३ | श्री आदर्श कृषि सहकारी संस्था लि. | बुटवल १६ | धान वीउँ उत्पादन |

प्रस्ताव नं. ६८.४.८

फलफुल विरुवाको स्थानीय दररेट तय गर्ने सम्बन्धमा

निर्णय न: ६८.४.८

३ वटा नर्सरी फार्महरुको प्राप्त प्रति फलफुल विरुवाको दररेट तथा तुलनात्मक चार्टबाट प्रस्तावित मध्येको न्यूनतम बजार दर र सरकारी दररेट लाई जोडि आउने औसत दररेट र नर्सरी फार्महरुबाट न्युनतम दररेट प्राप्त नभएका फलफुल विरुवाहरुमा सरकारी दररेटलाई नै देहाय बमोजिम स्थानीय दर कायम गर्ने निर्णय गरियो ।

| क.स | कार्यालय द्वारा प्रस्तावित फलफुल विरुवाको नाम | न्यूनतम बजार दर | सरकारी | | | स्थानीय तहले तय गरेको स्थानीय दर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | दर रु | उमेर | उचाई | | |
| क | कलमि विरुवा तर्फ | | | | | | |
| १ | आप(अम्रपालि,मल्लिका) | १०० | १०० | १–२ बर्ष | १.५–३ फिट | १०० | |
| २ | आप अन्य जात | १०० | ७५ | १–२ बर्ष | १.५–३ फिट | ८७.५ | |
| ३ | अम्वा | १०० | ५० | १–२ बर्ष | १.५–२ फिट | ७५ | |
| ४ | अमला | १०० | ५० | १–२ बर्ष | १.५–३ फिट | ७५ | |
| ५ | लिचि | १०० | ७५ | १–२ बर्ष | १.५–२ फिट | ८७.५ | |
| ६ | कागति | १०० | ४५ | १–२ बर्ष | १.५–२.५ फिट | ७२.५ | |
| ७ | भोगटे | २५० | ४५ | १–२ बर्ष | १.५–२.५ फिट | १४७.५ | |
| ८ | निबुवा | | ४५ | १–२ बर्ष | १.५–२.५ फिट | ४५ | |
| ९ | सुन्तला | २५० | ७५ | १–२ बर्ष | २–३ फिट | १६२.५ | |
| १० | एभोकाडो | ३५० | १०० | १–२ बर्ष | १.५–३ फिट | २२५ | |
| ११ | केरा(टिस्यूकल्चर) | | ३५ | ३–६महिना | १–२ फिट | ३५ | |
| १२ | अंगुर | १०० | १०० | १–२ बर्ष | १.५–३ फिट | १०० | |
| १३ | रुखकटर | १०० | ७५ | १–२ बर्ष | १.५–३ फिट | ८७.५ | |
| ख | विजु विरुवा तर्फ | | | | | | |
| १ | मेवा | १०० | ३५ | ३ महिना | १–२ फिट | ६७.५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | नरीवल | ६०० | १५० | १–२ बर्ष | १–२ फिट | ३७५ | |
| ग | कटिङ्ग विरुवा तर्फ | | | | | | |
| १ | अनार | १०० | ७५ | १–२ बर्ष | १–३ फिट | ८७.५ | |
| २ | केरा(सर्कस) | | २५ | ३–६महिना | २–३ फिट | २५ | |
| ३ | भुईकटहर | | २५ | ६ महिना | १ फिट | २५ | |
| 4 | ड्रागन फ्रुट | ३५० | १०० | ६–१२ महिना | १–२ फिट | २२५ | |

**प्रस्ताव नं ६८.४.९**
**बुटवल कालिका क्याम्पसको निर्माण सिफारिस सम्बन्धमा**
**निर्णय नं ६८.४.९**

बुटवल उपमहानगरपालिका वडा नम्वर १० रामनगरमा कालिका मानवज्ञान विद्यालयको नाममा फिल्डबुकमा जनिएको  कित्ता नम्वर १७ मा रहेको जग्गा मध्ये क्षेत्रफल १० कठ्ठामात्र जग्गामा बुटवल उपमहानगरपालिकाको सहमतिमा बुटवल कालिका क्याम्पसको भवन निर्माण कार्य भैरहेको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६८.४.१०**
**शोक प्रस्ताव पारित सम्बन्धमा ।**
**निर्णय नं.६८.४.१०**

यस बुटवल उपमहानगरपालिकाको वडा नं. ८ मा स्थायी बसोवास भएको र वडा नं.८ वडा कार्यालयमा सहायक पाचौ तहमा कार्यरत कर्मचारी श्री नारायण ज्ञवालीको कोरोना संक्रमणका कारण मिति २०७७/०७/०१ गतेका दिन भएको दुखद  निधनले हामी अत्यन्त स्तब्ध  भएका छौं । शोकको यस दुखद घडीमा शोकाकुल परिवारजन प्रति समवेदना प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपुर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो । साथै कोभिड संक्रमणको कारण दिवंगत देहाय बमोजिम नगरवासीहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनप्रति समवेदना व्यक्त गर्ने निर्णय गरियो ।

देहाय :

| | |
|---|---|
| -खिम बहादुर ठाडा मगर | बुटवल ६ |
| -देवेन्द्र शाही | बुटवल १० |
| -मिलावती श्रेष्ठ | बुटवल १३ |
| -गिता के.सी. | बुटवल ९ |
| -कृष्ण पाण्डे | बुटवल ६ |
| -बद्री प्रसाद श्रेष्ठ | बुटवल ३ |
| -मायादेवी श्रेष्ठ | बुटवल ९ |
| -निम बहादुर लामिछाने | बुटवल ३ |

अन्त्यमा उपस्थित सवैलाई धन्यवाद दिदै प्रमुखज्युबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।